नेपाल सरकार
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
ब्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहूं

व्यास नगरपालिका क्षेत्राधिकार भित्रको नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदी) उत्खनन् तथा विक्री सम्वन्धी गोप्य सिलवन्दी वोलपत्र आव्हानको सूचना

प्रथम पठक प्रकाशित मिति २०७५।०४।२८

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान (दफा ११ र ६४) एवं व्यास नगरपालिका, नगर कार्यपालिकाको निर्णय वमोजिम मु.व.२०७५/०७६ को लागी यस कार्यालयले तोकेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हूने गरी व्यासनगरपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका शीर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७३/०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु पेस गरी रितपुर्वकको गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको छ ।

नदिजन्य पदार्थ विक्री तथा उत्खनन् कर:

ठेक्का नम्वर	विवरण	न्यूनतम अंङ्क (कर वाहेक)	वोलपत्र फारम दस्तूर	धरौटी रकम	वोलपत्र खरिद गर्ने अवधि
५/०७५/०७६	खण्ड(क): मादि नदीको ढुंङ्गा, गिटी, वालुवा (चापाघाट मादीको पक्की पूल देखी शिशाघाट मादी नदीको पक्की पूल सम्म)	४,००,००,०००।०० (अक्षेरुपी चार करोड रुपैया मात्र)	५,०००।०० (पाच हजार रुपैया मात्र)	कवोल अंकको कम्तिमा ५% (पाच प्रतिशत)	३० दिन भित्र
६/०७५/०७६	खण्ड(ख): मादिसेती नदीको ढुंङ्गा, गिटी, वालुवा (मादीसेती खहरे ढांडखोला देखी वेलवास नियउरो धारी सम्म)	५०,००,०००।०० (अक्षेरुपी पचास लाख रुपैया मात्र)	३,०००।०० (तिन हजार रुपैया मात्र)		

पुनश्चः

नदिजन्य पदार्थ (ढुंङ्गा, गिटी, वालुवा आदी)को दर: प्रति घन मिटर(कर वाहेक) रु.२००।००

वोलपत्र सम्वन्धी शर्तहरु:

१. वोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३०औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको राजश्व उपशाखाबाट खरिद गर्न सकिनेछ वा **PPMO's** को **website http://www.bolpatra.gov.np/egp** वाट **Download** गर्न सकिनेछ र यस कार्यालयको ने.वै.लि. दमौलीमा रहेको च.हि.नं. ०६००३०००००००४००३०१० मा जम्मा गरेको वैंक भौचर पेश गर्नु पर्नेछ । यस कार्यालयबाट खरिद भएका वोल-पत्र फारामहरु भरी सिलवन्दी गरी ३१ औं दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ साथै **PPMO's** को **website http://www.bolpatra.gov.np/egp** मा सवै कागजातहरु **Scan** गरी **PDF format** मा वोलपत्र पेश गर्न सकिने छ । नियमानुसार दर्ता हुन आएका वोल-पत्रहरु सोही दिनको २:०० वजे यस कार्यालयमा वोल-पत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ । वोल-पत्रदाताहरु उपस्थिति नभएमा पनि वोल-पत्र खोल्न कुनै वाधा पर्ने छैन । वोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने र खोल्ने दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

२. यस कार्यालयबाट प्रमाणित भएको वोल-पत्र फाराम वोलपत्रदाता स्वयं वा रितपुर्वकको लिखित वारेस पठाई तोकिएको दस्तुर वुझाई खरिद गर्नुपर्नेछ ।

३. वोलपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मु.अ.करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०७३/०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

४. वोलपत्र फारम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५% (पाच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल वैंक लिमिटेड दमौली तनहूं स्थित धरौटी खाता हि.न.०६००३०००००००३०००१२ मा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा मान्यता प्राप्त वैंकले यस कार्यालयको नाउमा जारी गरेको सोही रकम वरावरको कम्तीमा १२० दिन म्याद भएको वैंक जमानी पत्र गोप्य सिलवन्दी वोलपत्र साथ पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

५. यस पुर्व यस कार्यालयबाट कुनैपनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको वोलपत्रलाई मान्यता दिईने छैन, तर वोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा वोलपत्र पेश गर्न कुनै वाधा पर्नेछैन ।

६. वोलपत्र स्वीकृत भएपछि वोलपत्र दाताले मान्यता प्राप्त वाणिज्य वैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७६ श्रावण मसान्त सम्म म्याद भएको रितपुर्वकको वैंक जामानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।

७. स्वीकृत ठेक्का अंङ्कलाई ३(तिन) किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०%, दोस्रो किस्ता २५% र तेस्रो किस्ता २५% मध्ये पहिलो किस्ता ५०% सम्झौताको वखत दाखिला गरि वाकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य वैंकवाट २०७५ श्रावण मसान्त सम्म मान्य हूने' वैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । ५०% रकमको किस्ता सम्झौता समय भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।

८. ठेक्का सम्झौता गर्दा कवोल अंकको मु.अ.कर (VAT) १३% र अग्रिम आयकर वापतको १.५% रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।

९. स्वीकृत ठेक्का अंङ्को पुरै रकम सम्झौताका वखत एकमुष्ट वुझाउन चाहेमा औचित्य हेरी वढिमा ५% सम्म छुट दिन सकिनेछ ।

१०. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

११. पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. वोलपत्रको खाम वाहिर कार्यालयको नाम, ठेगाना र वोलपत्रदाताको नाम ठेगाना, सम्पर्क नम्वर स्पष्ट लेख्नुपर्नेछ ।

१३. व्यास न.पा. वडा नं. ५, ६, ७, १०, १३ र १४ को व्यक्तिगत तथा निर्षेधित क्षेत्रबाहेकका मादीसेती नदी दायांबाया किनारको ढुंङ्गा, गिटी, वालुवा जस्ता नदिजन्य पदार्थ उपयोग तथा विक्री कर तोकिएको डिपोवाट अशुल गर्नुपर्ने छ, तर नदीनालाको पुल तल माथी दुवैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उठाउन पाइने छैन । त्यसैगरी व्यक्तिको निजी स्वामित्वमा रहेको तथा हाल भोगचलनमा रहेको जग्गावाट कम्तीमा २५ मिटरसम्म प्राकृतिक स्रोत साधन उठाउन पाइने छैन ।

१४. प्राकृतिक साधन उपयोग तथा विक्री कर अशुल गर्दा प्रथम पक्षले तोकिदिएको दररेटमा मात्र कर अशुली गर्नु पर्नेछ ।

१५. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागी लोडर, डोजर, एक्साभेटर, जे.सि.वि. र ६ टायर भएका भन्दा ठुला हेभी उपकरण प्रयोग गर्न पाईने छैन ।

१६. सार्वजनिक महत्वका तपशिलमा उल्लेखित क्षेत्रहरु जस्तै नदि किनारमा रहेको सार्वजनिक चौर, खेलकुद मैदान आदि समेतलाई उत्खनन् गर्न निषेधित क्षेत्र कायम गरिएको छ ।
   क) वडा नं.५ चिन्तुटार रंगशाला निर्माणाधिन क्षेत्र अगाडीको सार्वजनिक मौदान
   ख) वडा नं.५ वेलटोल देखी लूतेवराह वगरखेती क्षेत्र सम्म
   ग) रिस्ती दोभानवाट झोलुङे पुल सम्म करिव ६०० मि. माथीको भाग
   घ) वडा नं. ६ पातालटार पूल देखी सभुवा खोल्सा सम्मको भाग

१७. ढुंगा, गिटी, वालुवा, दहत्तर वहत्तरको उत्खनन् तथा संकलन कार्य सूर्यास्त देखि सूर्योदय नहुदासम्म गर्न पाईने छैन ।

१८. प्राकृतिक स्रोत साधन ओसारपसार गर्दा प्रयोग गरिने वाटो सार्वजनिक मैदानमा निश्चित तोकिएको एउटै वाटो प्रयोग गर्नु पर्ने तथा निकासीका लागि प्रयोग गरिएको वाटो न.पा. कार्यालयको निर्देशनमा वोलपत्रदाताले मर्मत सूधार गर्नुपर्ने छ ।

१९. स्थानीयस्तरका प्रत्यक्ष प्रभावित क्षेत्रमा उपभोक्ता समितिद्वारा संचालन हुने सार्वजनिक विकास निर्माण आयोजनका लागी प्राकृतिक स्रोत साधनको मूल्य प्राविधिक स्टिमेटमा घटाईएको भए यस कार्यालयको सिफारिसमा निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

२०. प्राकृतिक स्रोत साधन उपयोग तथा विक्रीकर संकलन गर्ने प्रयोजनका लागी न.पा. कार्यालयले आवश्यकता अनुसार डिपो निर्धारण गर्न सक्नेछ । साथै स्थानीय तहवाट निकासी गरिने नदिजन्य पदार्थको निकासिकर सम्बन्धित डिपोमा वुझाउनु पर्नेछ ।

२१. पानीले भिजेको र पानी चुहाएर ढुंगा, गिटी, वालुवा, दहत्तर, वहत्तर वोकेर ढुवानी साधन पक्की सडकमा गुडाउन पाइने छैन ।

२२. ढुवानी साधनले वहन गर्न पाउने तौल भन्दा वढी तौल राखी वा न्यून विलकारी ढुवानीका साधन सडकमा गुडाउन र नछोपी खुल्ला रुपले ढुवानी गर्न पाईने छैन ।

२३. नेपाल सरकारको मौजुदा कानुनी व्यवस्था अनुसार आषाढ, श्रावण, भाद्र १५ गते सम्म (२ महिना १५ दिन) नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न नपाईने व्यवस्था भएकाले सो को पुर्णरुपले पालना गर्नु पर्नेछ ।

२४. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदि किनारा वा सार्वजनिक चौरमा घाटगढ्डी गर्न पाईने छैन, त्यसका लागि वोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नु पर्नेछ ।

२५. कुनै पनि वन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन । नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा वोपत्रदाता स्वयंले व्यवस्थापन गर्नु पर्नेछ ।

२६. माथि उल्लेखित सर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी वाकी रहेको किस्ता वैंक ग्यारेण्टीवाट अशुल उपर गर्ने गरी कानुनी प्रकृया अपनाईने छ साथै अशुल गर्न वाकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाकी सरह अशुल उपर गरिनेछ ।

२७. यो ठेक्का सग सम्वन्धित सम्पुर्ण सरोकारवालाको सुविधाका लागि मिति २०७५ भाद्र २२ गते प्रि.विड छलफल राखिने हुनाले उक्त दिन कार्यालय समयमा ईच्छुक फर्म वा कम्पनीहरुलाई यस कार्यालयमा उपस्थितीका लागि जानकारी गराईन्छ

२८. विस्तृत् जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-५६०२३३ र ०६५-५६११६९ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।